# लिफ्ट खानेपानी आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०७९

**(प्रथम संशोधन, २०८०)**

गण्डकी प्रदेश सरकार

**उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**

पोखरा

# लिफ्ट खानेपानी आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०७९

**प्रस्तावनाः** गण्डकी प्रदेश भित्रका जनतालाई स्वस्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षित रुपमा खानेपानी सेवा पुर्याउने उद्देश्यले प्रदेश सरकारको घोषित नीति बमोजिम बिद्यमान लिफ्ट खानेपानी आयोजनामा लाग्ने विद्युत महशुलमा अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ को दफा ४० अनुसार ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश ले यो मापदण्ड बनाई जारी गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

१) यस मापदण्डको नाम "**लिफ्ट खानेपानी आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०७९**" रहेको छ।

२) यो मापदण्ड तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

क) **"मन्त्रालय"** भन्नाले उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ ।

ख) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतका खानेपानी/जलश्रोत तथा सिँचाइ विकास डिभिजन वा सव-डिभिजन कार्यालय वा सोही प्रकृतिको काम गर्न स्थापित अन्य बिषयगत कार्यालयलाई समेत बुझाउँछ ।

ग) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि अनुरुप लिफ्ट खानेपानी योजनामा प्रयोग हुने विद्युत महशुलमा अनुदान प्राप्त गर्ने योजनालाई जनाउँछ।

घ) **"अनुदान"** भन्नाले लिफ्ट खानेपानी योजनामा प्रयोग हुने विद्युत महशुलमा प्रदान गरिने छुट/सहुलियत रकम सम्झनु पर्छ।

ङ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनुपर्दछ।

च) **"प्राधिकरण"** भन्नाले नेपाल विद्युत प्राधिकरण लगायत विद्युत वितरक कम्पनी वा सामूदायीक संस्था, वितरण तथा ग्राहक सेवा निर्देशनालय, गण्डकी प्रादेशिक कार्यालय वा सो अन्तरगतको गण्डकी प्रदेश भित्र कार्यक्षेत्र पर्ने जिल्ला स्थित विद्युत वितरण केन्द्र समेतलाई सम्झनु पर्दछ।

छ) **"सामुदायिक विद्युत उपभोक्ता संस्था"** भन्नाले ग्रामीण क्षेत्रमा सामुदायिक रुपमा बिद्युत वितरण सेवा प्रदान गर्ने उद्देश्यले नेपाल बिद्युत प्राधिकरण, सामुदायिक ग्रामीण विद्युत विनियमावली, २०७१ को विनियम ४ बमोजिम स्थापना भएको वितरक संस्था भन्ने सम्झनु पर्दछ।

ज) **"विद्युत महशुल"** भन्नाले यस मापदण्ड बमोजिम विधुत मिटर जडान भई लिफ्ट खानेपानी योजनामा विद्युत प्रयोग गरे वापत तिर्नुपर्ने रकम सम्झनु पर्दछ।

झ) **“उपभोक्ता समिति”** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका समिति र आयोजनाको निर्माण,संचालन, ब्यबस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

**३. <u>निर्देशक समिति :</u>** (१) यस कार्यविधि बमोजिम विद्युत महशुलमा अनुदान कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिम निर्देशक समिति रहनेछ ;

(क) मन्त्री, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - संयोजक

(ख) सचिव, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय - सदस्य

(ग) प्रादेशिक प्रमुख नेपाल विद्युत प्राधिकरण गण्डकी प्रादेशिक कार्यालय - सदस्य

(घ) महाशाखा प्रमुख, खानेपानी तथा सरसफाई महाशाखा - सदस्य

(ङ) अर्थ मन्त्रालय, प्रतिनिधि - सदस्य

(च) महाशाखा प्रमुख, उर्जा तथा योजना महाशाखा - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिका सदस्यहरुलाई प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध हुनेछ।

**४. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) कार्यक्रम व्यवस्थापन समितिले सिफारिस गरेका आयोजना र अनुदान रकम आबश्यकता अनुसार स्वीकृत गर्ने,

ख) अनुदानको लागि बिनियोजन भएको बजेटको उपलब्ध वजेट र कार्यालयको मागको आधारमा कार्यालयहरुमा बॉडफाड गर्ने |

ग) कार्यक्रमको प्रभावकारीता हेरी अनुदान रकम परिचालन/व्यवस्थापन तथा अन्य नीतिगत विषयहरुमा कुनै समस्या भएमा मन्त्रालय तथा अन्तर्गतका निकायलाई आवश्यक निर्देशन, सुझाव र सल्लाह दिने,

घ) अनुदानको लागि विनियोजन रकमको परिचालन सम्बन्धी अनुगमन गर्ने,

**५. <u>कार्यक्रम व्यवस्थापन समितिः</u>** (१) अनुदान कार्यक्रम संचालनका लागि कार्यालयमा देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति रहनेछ ;

क) कार्यालय प्रमुख, सम्बन्धित जिल्ला हेर्ने कार्यालय - संयोजक

ख) विद्युत वितरण केन्द्र प्रमुख/प्रतिनिधि योजनासगँ सम्बन्धित विद्युत वितरण केन्द्र - सदस्य

ग) सम्वन्धित जिल्लाको जिल्ला समन्यव समितिको कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

घ) प्रतिनिधि, प्रदेश लेखा ईकाई/ कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

ङ) प्राविधिक कर्मचारी, सम्बन्धित जिल्ला हेर्ने कार्यालय - सदस्य

च) आर्थिक प्रशासन शाखा प्रमुख, सम्बन्धित जिल्ला हेर्ने कार्यालय - सदस्य

छ) योजना शाखा प्राविधिक, सम्बन्धित कार्यालय - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) आयोजनाबाट प्राप्त निबेदनका आधारमा अनुदान रकम निर्देशक समितिमा सिफारिस गर्ने।

(४) समितिका सदस्यहरुलाई प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम बैठक भत्ता उपलब्ध हुनेछ।

६. **<u>कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u>** कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) यस मापदण्ड बमोजिम अनुदानका लागि माग भएका आयोजनाहरुमा अनुदान रकम स्वीकृत गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) अनुदान सम्बन्धमा मुल्यांकनका आधार तय गरि प्रस्ताव छनौट प्रक्रिया तथा अनुदान सिमा र अनुदान उपलब्ध हुने अवधि तोक्ने,

(ग) कार्यालयको कालोसूचीमा दर्ता भएको अनुदानग्राहीले सरकारी बाँकी सरहको असुल उपर गर्नुपर्ने अनुदान शोधभर्ना भुक्तानी गरेको प्रमाण कागजात पेश गरेमा कालोसूचीबाट फुकुवा गर्न सिफारिस गर्ने,

(घ) खण्ड (ग) बमोजिम कालो सूचिबाट फुकुवा भएका अनुदानग्राही दुई आर्थिक वर्ष पछि मात्र अनुदान प्राप्तीका लागि योग्य मानिने छ।

(ङ) कार्यक्रमसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने,

(च) कार्यक्रम संचालन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने।

७. **स्थान तथा अनुदानग्राही छनौटको आधारः**

(क) व्यवसायिक उद्योग बाहेक सामुदायिक सेवामुलक उपभोग गर्ने उपभोक्ताको योजना छनौट गर्ने।

(ख) प्रत्येक घरका धारामा अनिवार्य रुपमा मिटर जडान भएको हुनुपर्ने ।

(ग) मासिक रुपमा पच्चीस हजार रुपैयाँ सम्मको विद्युत खपत गर्ने अनुदानग्राहीलाई कुल विद्युत महशुलको शतप्रतिशत अनुदान दिइनेछ।

(घ) मासिक रुपमा पच्चिस हजार देखि चालिस हजार रुपैयाँ सम्मको विद्युत खपत गर्ने अनुदानग्राहीलाई कुल विद्युत महशुलको पचहत्तर प्रतिशत अनुदान दिइनेछ ।तर तिन स्टेज वा सो भन्दा वढी स्टेजको लिफ्टिङ खानेपानी योजनाको हकमा नब्बे प्रतिशत अनुदान दिइनेछ ।

(ङ) मासिक रुपमा चालिस हजार देखि साठी हजार रुपैयाँ सम्मको विद्युत खपत गर्ने अनुदानग्राहीलाई कुल विद्युत महशुलको पचास प्रतिशत अनुदान दिइनेछ।तर तिन स्टेज वा सो भन्दा वढी स्टेजको लिफ्टिङ खानेपानी योजनाको हकमा पैसट्ठी प्रतिशत अनुदान दिइनेछ ।

(च) मासिक रुपमा साठी हजार देखि असी हजार रुपैयाँ सम्मको विद्युत खपत गर्ने अनुदानग्राहीलाई कुल विद्युत महशुलको पच्चीस प्रतिशत अनुदान दिइनेछ।तर तिन स्टेज वा सो भन्दा वढी स्टेजको लिफ्टिङ खानेपानी योजनाको हकमा चालिस प्रतिशत अनुदान दिइनेछ ।

(छ) मासिक रुपमा असि हजार रुपैयाँ भन्दा बढी विद्युत खपत गर्ने अनुदानग्राहीलाई कुल विद्युत महशुलको दश प्रतिशत अनुदान दिइनेछ। तर तिन स्टेज वा सो भन्दा वढी स्टेजको लिफ्टिङ खानेपानी योजनाको हकमा पन्ध्र प्रतिशत अनुदान दिइनेछ ।

(ज)बजेट विनियोजन कम भएको अवस्थामा कार्यक्रम व्यवस्थापन समितिले आलोपालो गरि आयोजनालाई अनुदान रकम प्रदान गर्न सक्नेछ तर कार्यक्रम व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले बहुसंख्यक दलित गरिब पिछडिएको वर्ग, सिमान्तकृत समुदाय उपभोक्ता रहेको आयोजनामा प्रत्येक आ.व.मा अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(झ)यसरी अनुदान प्राप्त उपभोक्ता समितिले विद्युत महशुलमा अनुदान प्राप्त गरेपश्चात उपभोक्ता समितिले संचालन खर्च वाहेकको विद्युत महशुलमा प्राप्त छुटको अनुपातमा खानेपानी महशुलमा छुट दिनु पर्नेछ।सो कार्यको अनुगमन कार्यक्रम व्यवस्थापन समितिले गर्नुपर्नेछ र सम्वन्धित उपभोक्ता समितिले अनुदानका लागि आवेदन दिदाँ महशुल छुट गर्ने सम्बन्धी प्रतिवद्धता जनाउनु पर्नेछ।

## परिच्छेद-३

## अनुदान कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण

८. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) वार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए अनुसार मन्त्रालय वा मातहतका कार्यालयहरुबाट अनुसूची-१ बमोजिमका क्षेत्रहरुमा अनुदान कार्यक्रम कार्यान्वयनका लागि एक आर्थिक वर्षमा एक वा वढिमा दुई पटक अनुसूची-२ बमोजिम वढीमा ३० दिनको समय अवधि राखि आवेदनका लागि सूचना प्रकाशन गरिनेछ ।यसरी प्रकाशित सूचनाको जानकारी स्थानिय तहमा समेत दिनुपर्नेछ।

(२) कार्यक्रम सहजीकरणका लागि जिल्लास्थित कार्यालयमा विद्युत महशुलमा अनुदान सहयोगी कक्ष स्थापना गरी सो सम्बन्धी कानूनी दस्तावेज, ढाँचा तथा प्रस्ताव लेखनका लागि सहयोगी सबै सामाग्रीहरु उपलब्ध गराइनेछ।

(३) अनुदान सहजीकरण सम्बन्धमा जिल्लास्थित सरोकारवालाहरुसँग अन्तरक्रिया, जनचेतना तथा प्रचारप्रसार लगायतका कार्यहरु सञ्चालन गरिनेछ।

९. **अनुदानग्राहीले पालना गर्नुपर्ने शर्तहरुः** (१) अनुदानग्राहीले अति आबश्यक प्रयोजनार्थ बाहेक सकभर विद्युत खपत अफ पिक आवर मा गर्नुपर्नेछ।यसका लागि आयोजनालाई अनिवार्य प्रविधिमैत्री बनाउनु पर्नेछ।

(२) अनुदान प्राप्त हुने योजनाको बिद्युत खानेपानी वाहेक अन्य घरायसी तथा ब्यबसायिक प्रयोजनमा प्रयोग गर्न पाईने छैन।

## परिच्छेद-४

## विद्युत महशुलमा अनुदान

१०.**आवेदन संकलन तथा अनुदानग्राही छनौटः** (१) इच्छुक संस्थाले अनुसूची-१ बमोजिमको क्षेत्रमा मन्त्रालय वा मातहतका निकायबाट अनुसूची-२ बमोजिम सूचना प्रकाशन भइसके पश्चात अनुसूची-३, बमोजिमको ढाँचामा सूचनामा तोकिएको अवधि भित्र कार्यलयमा निवेदन पेश गर्न सक्नेछन्। मन्त्रालय वा कार्यालयले एक आर्थिक वर्षमा एक वा वढिमा दुई पटक सूचना प्रकाशन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भइसके पश्चात कार्यलयले प्रचलित कानुन बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) कार्यालय तथा कार्यक्रम व्यवस्थापन समितिले दर्ता भएका निवेदनमा आवश्यक छानविन र जाचँवुझ गरि सूचना प्रकाशनमा निवेदन दर्ता गर्ने अवधि समाप्त भएको ३० दिन भित्र अनुदान रकमको लागि मन्त्रालय तथा निर्देशक समिति समक्ष सिफारिस गर्नुपर्दछ ।

(४) निर्देशक समितिले कार्यक्रम व्यवस्थापन समितिले गरेको सिफारिसको आधारमा उपलब्ध वजेटको सिमा भित्र रहि अनुदान पाउने योजनाको नाम खुलाइ कार्यालयमा पत्राचार गर्नुपर्नेछ। कार्यालयले अनुदानग्राहीलाई सोको जानकारी गराउनुपर्नेछ।

(५) कार्यालयले उपदफा (३) बमोजिम छनौट भएका अनुदानग्राहीलाई वार्षिक आवश्यकता पर्ने विद्युत युनिटको एकिन गरि अनुसूची-४ बमोजिमको ढाँचामा विद्युत अनुदान परिचयपत्र प्रदान गर्नुपर्नेछ।

(६) उपदफा (३) बमोजिम छनौट भई उपदफा (४) बमोजिम परिचयपत्र पाएका अनुदानग्राहीहरुसँग कार्यलयले अनुसूची-५ बमोजिम सम्झौता गर्न सक्नेछ । अनुसूची ५ का वुदाँहरु आवश्यकता अनुसार कार्यालयले थपघट गर्न सक्नेछ।

११. **अनुदान रकमः** (१) यस मापदण्ड बमोजिम अनुदानग्राहीको रुपमा छनौट भई दर्ता भएका तथा अनुदान परिचयपत्र प्राप्त गरेका अनुदानग्राहीलाई मासिक रुपमा भुक्तानी गर्न सक्नेछ। छनौट भएका योजनामा एक आर्थिक बर्षमा कुल १२ महिनाको विद्युत महशुलमा अनुदान दिन सकिनेछ। साथै एउटा आर्थिक वर्षको जेष्ठ/असार महिनाको विद्युत महशुल अर्को आर्थिक बर्षमा पनि भुक्तानी गर्न सकिनेछ।

(२) जरिवानाको रकम ढिला गरी भुक्तानी भएमा उपभोक्ता संस्था वा सेवाग्राही आफैले बेहोर्नु पर्नेछ ।

(३) प्राधिकरणको कालोसूचीमा परेका अनुदानग्राहीलाई अनुदान दिइने छैन।

१२. **भुक्तानी :** (१) यस मापदण्ड बमोजिम प्रदान गरिने अनुदान रकम भुक्तानीका लागि छनौट भएका अनुदानग्राही योजनाले मासिक रुपमा विद्युत महशुल तिरेको सक्कल बील र विद्युत अनुदान परिचयपत्र सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पश्चात कार्यलयले कागजातको अध्ययन गरि आवश्यकता अनुसार स्थलगत अनुगमन गरि भुक्तानी गर्न सक्नेछ।

(३) कार्यालयले अनुदानग्राहीको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नु पर्नेछ।

१३. **अनुदान परिचयपत्र नविकरण गराउनु पर्ने :** (१) यस मापदण्ड बमोजिम एक वर्ष विद्युत महशुलमा अनुदान प्राप्त गरेको अनुदानग्राहीले अर्को अनुदान लिन चाहेमा कार्यालयबाट अनुदान परिचयपत्र आर्थिक वर्षको भाद्र मसान्तभित्र अनिवार्य नवीकरण गराउनु पर्नेछ।

(२) खानेपानी कार्यमा विद्युत प्रयोग भई वार्षिक खपत हुने युनिट आंकलन गर्न कठिनाई हुने देखिएमा अनुदानग्राहीले योजनाको लागि युनिट छुट्टै देखिने गरी उपभोक्ता संस्था वा समितिको नाउँमा दर्ता भएको संस्थागत मिटर जडान गर्नु पर्नेछ।

(३) खानेपानी प्रयोजनको लागि जडान भएको विद्युतको दुरुपयोग भएमा अनुदान परिचयपत्र नवीकरण गरिने छैन।

## परिच्छेद -५
## अनुगमन र समन्वय

१४. **अनुगमन गर्नु पर्नेः** (१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन कार्यालय तथा कार्यक्रम व्यवस्थापन समितिले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गरि आवश्यक देखिएको अवस्थामा अनुदानग्राही, कार्यक्रम आयोजना प्रमुख तथा कार्यक्रम गर्ने संस्थालाई लिखित निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित सवैको कर्तव्य रहनेछ।

## परिच्छेद-६
## विविध

१५. **कारवाहीको व्यवस्था :** (१) यस मापदण्ड बमोजिम अनुदान दुरुपयोग गर्ने अनुदानग्राहीलाई कार्यालयले अनुदान रोक्का गरि कारवाही गर्नेछ।

(२) अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको, उद्देश्य अनुरुप कार्य नगरेको वा अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राही संस्थालाई अनुदानग्राही निवेदन दर्ता गर्दा कालो सुचिमा समावेश गरि पछिल्लो १२ महिनाको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(३) कारवाहीमा परेका अनुदानग्राहीले कारवाहीमा चित्त नबुझेमा निर्देशक समिति समक्ष पन्ध्र दिनभित्र उजुरी दिन सक्नेछ।

१६. **अभिलेख राख्ने व्यवस्था :** यस मापदण्ड बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अनुसूची-७ बमोजिम कार्यालयले अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ।

१७. **<u>बाधा अड्काउ फुकाउः</u>** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा आवश्यकता अनुसार मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

१८. **<u>मापदण्ड संशोधन :</u>** यस मापदण्ड आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

१९. **<u>बचाउः</u>** यस मापदण्डमा उल्लेख भएका कुरामा यसै मापदण्ड र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची-१

### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### विद्युत महशुलमा अनुदान उपलब्ध गराइने क्षेत्रहरु

| क्र.सं. | अनुदान शीर्षक | क्षेत्रहरु |
|---|---|---|
| १ | विद्युत महशुलमा अनुदान उपलब्ध गराइने क्षेत्र | लिफ्ट खानेपानी |
| | | |

**अनुसूची-२**

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**विद्युत महशुलमा अनुदान कार्यक्रम सम्बन्धी सूचना**

सूचना

.................. कार्यलयको आ.व. ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ................... अनुदान कार्यक्रम प्रारम्भ भएकोले गण्डकी प्रदेश भित्रका ...................... ले ................ को लागि "**लिफ्ट खानेपानी आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०७९"** बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आह्वान गरिएको छ । थप जानकारीका लागि ................ सम्बन्धित जिल्लास्थित .......................कार्यलयमा सम्पर्क राख्न अनुरोध छ ।

.................................... कार्यालय,

सम्पर्क नं....................

ईमेल...........................

वेभसईट.......................

**अनुसूची-३**

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**विद्युत महशुलमा अनुदान आवेदन फारम तथा संलग्न कागजातहरु**

श्री ..................

मार्फत श्री .....................

**विषय : विद्युत महशुलमा अनुदानको लागि प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति......................... गते प्रकाशित सूचना अनुसार .............................. अनुदान प्राप्त गर्ने प्रयोजनको लागि तपसिल अनुसारका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु।

तपसिल

१) प्रस्ताव फारम

२) योजनाको नाम र ठेगाना

३) अनुदानग्राहीको दर्ता प्रमाण पत्रको प्रतिलिपि, पछिल्लो आ.व.को नवीकरण

४) विद्युत महशुल अनुदानग्राही परिचय पत्रको प्रतिलिपि

५) विद्युत महशुल तिरेको बील भर्पाइ

६) प्रदेश सरकारले विद्युत महशुलमा दिने अनुदानको अनुपातमा सेवाग्राहीलाई छुट दिने वारे अनुदानग्राहीको प्रतिवद्धता ।

७) अन्य कागजातहरु

निवेदकको

नामः..........................

हस्ताक्षरः.....................

ठेगानाः........................

सम्पर्क नं.:...................

संस्थाको छापः...............

**अनुसूची-४**

**(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)**

**विद्युत अनुदान परिचय पत्रको ढाँचा**

**विद्युत अनुदान परिचय पत्र**

विद्युत अनुदान प्राप्त गरेको योजनाको नामः

उपभोक्ता समितिको नामः

ठेगानाः

सम्पर्क नं.:

बैंकको नाम र शाखाः

खाता नं.:

**परिचय पत्रकोः**

जारी मितिः

जारी गर्ने अधिकारीको नाम र पदः

हस्ताक्षरः

कार्यालयको छापः

| **सम्झौता प्रयोजन** | | | | **भुक्तानी प्रयोजन** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमानित खपत युनिट | कर्मचारीको सही | भुक्तानी माग मिति | खुद कपट युनिट | जम्मा महशुल रु. | जम्मा अनुदान रु. | अनुदान प्रदान गर्ने कार्यालय प्रमुखको सही र छाप |
| देखि | सम्म | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-५

## (दफा ३ को उपदफा(५) सँग सम्बन्धित)

## विद्युत अनुदान प्रदान गर्न गरिने सम्झौता पत्रको ढाँचा

............. कार्यालय र ...................... बीच ............... योजना संचालन गर्न आवश्यक विद्युत महशुलमा अनुदान प्रदान गर्नका लागि भएको

**सम्झौता पत्र**

१) यो सम्झौता पत्र ............ (यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र ........................ (यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) .............. योजना संचालन गर्न आवश्यक विद्युत महशुलमा अनुदान प्रदान गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ ।

२) यो सम्झौता, सम्झौता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

३) दोस्रो पक्षले यस सम्झौता अनुसार तोकिएको युनिट विद्युत ......... कार्य बाहेक अन्य कार्यको लागि विद्युत प्रयोग गर्नु हुँदैन ।

४) दोस्रो पक्षले घरायसी तथा अन्य प्रयोजनमा रहेको विद्युत मिटरबाट नै यस सम्झौता अनुसारको कार्यका लागि प्रयोग गर्ने विद्युत रिडिंग हुने भएमा सम्झौता अनुसारको ........ कार्यको छुट्टै देखिने गरि सव-मिटर जडान गर्नुपर्नेछ ।

५) दोस्रो पक्षले आफ्नै स्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६) कार्यक्रमको लागत इष्टिमेट देहाय बमोजिम हुनेछः

| क्र.सं. | विद्युतबाट संचालन हुने उपकरणहरु | दैनिक संचालन हुने समय (घण्टा) | वार्षिक संचालन हुने दिन संख्या | वार्षिक अनुमानित खपत युनिट (kWh) | अनुमानित विद्युत महाशुल रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | |
| | अनुदान रकम रु. | | | | | |

७) अनुदान रकम मासिक रुपमा प्रथम पक्षले दोश्रो पक्षको बैंक खातामार्फत उपलब्ध गराउनेछ । यस सम्झौता बमोजिमको कार्य संचालन गर्न दोश्रो पक्षले कुनै पनि प्रकारको पेश्की दाबी गर्न पाउने छैन ।

८) प्रदेश सरकारवाट विद्युत महशुलमा छुट प्राप्त गरेपश्चात उपभोक्ता समितिले विद्युत महशुलमा पाएको छुटको अनुपातमा उपभोक्तालाई खानेपानी महशुलमा छुट दिनु पर्नेछ।

९) यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानुन अनुसार हनेछ ।

| | |
|---|---|
| ..................... | ............................ |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पद : | पद : |

हस्ताक्षरः हस्ताक्षरः

## अनुसूची-६

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

**विद्युत अनुदान भुक्तानीको लागि कार्यालयले मन्त्रालयलाई पठाउने सिफारिसको ढाँचा**

श्रीमान् प्रमुख ज्यु,

............................

**विषयः विद्युत महशुलमा अनुदान वापतको रकम उपलब्ध गराउनका लागि सिफारिस सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको विद्युत महशुलमा अनुदान कार्यक्रम अनुसार यस कार्यालयबाट छनौट तथा सम्झौता भई ................ कार्यका लागि विद्युत प्रयोग गरे वापत अनुदान प्राप्त गर्न योग्य तपसिलका .......... अनुदान उपलब्ध गराई दिनुहुन सिफारिसका साथ अनुरोध गरिन्छ । साथै, अनुदानग्राहिको भुक्तानी मागको सक्कल निवेदन तथा अन्य कागजातहरु समेत यसै पत्र साथ पठाइएको व्यहोरा अनुरोध छ।

.........................

तपसिल

| क्र.सं. | अनुदानग्राहीको नाम | ठेगाना | सम्पर्क नं. | विद्युत प्रयोग गरेको व्यवासाय तथा क्षेत्र | अनुदान रकम रु. | खाता भएको बैंक र खाता नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**अनुसूची-७**

**(दफा ९ सँग सम्बन्धित)**

**अनुदानग्राहीको अभिलेख ढाँचा**

आ.व.:

कार्यक्रमको नामः

| क्र.सं. | अनुदानग्राही संस्थाको नाम | ठेगाना | सम्पर्क नं. | कार्यक्रमको जम्मा लागत रु. | अनुदान रकम रु. | कार्यक्रमबाट लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |